
# सान्नी त्रिवेणी गाउँपालिकाको
# सुरक्षित खानेपानीयुक्त समुदाय कार्यविधि २०८१



CamScanner

## यस कार्यविधिमा प्रयोग गरिएका संक्षिप्त शब्द र परिभाषाहरु

१. *Water Safety Plan*-(खानेपानी सुरक्षा योजना (खापासुयो)- खानेपानी सुरक्षा योजना खानेपानीको श्रोत देखि उपभोक्ता सम्मके विभिन्न अवयवहरुमा खानेपानीको गुणस्तर सुधार गर्ने/सुनिश्चित गर्ने कार्यको लागि अपनाइने व्यवस्थित पद्धति हो। जोखिम व्यवस्थापनका सिद्धान्तमा आधारित खापासुयो सबै खानेपानी प्रणालीमा (चालु अवस्थामा भइरहेको, नयाँ निर्माण हुने र पुन:निर्माण वा पुन: स्थापना हुने प्रणालीहरुमा) लागू गरी खानेपानी आपूर्ति सेवालाई जलवायु परिवर्तन तथा विपद्का प्रकोपको सन्दर्भमा उत्थानशील र दिगो बनाउन सकिन्छ।

२. *Control Measures*-(नियन्त्रण-उपाय)- खानेपानीको गुणस्तर खस्कन नपाओस् वा खानेपानी प्रदूषण नहोस् भन्ने उद्देश्यले गरिने कुनै पनि क्रियाकलाप (या तगारो) लाई नियन्त्रण-उपाय भनिन्छ। नियन्त्रण-उपायहरु भन्नाले निर्माण गरिएका भौतिक संरचनाहरू र, लागू गरिएका नियम, आदेश वा निषेधाज्ञाहरुलाई समेत बुझिन्छ।

३. *Operational Monitoring*-(संचालन-अनुगमन)- नियन्त्रण-उपायहरुले प्रभावकारी रुपमा काम गरिरहेका छन् भन्ने कुरा सुनिश्चित गर्न र गरेका छैनन् भने पनि समयमै आवश्यक सुधारका पाइला चाल्नका निम्ति गरिने अनुगमन कार्यलाई संचालन-अनुगमन भनिन्छ ।

४. *Compliance Monitoringt*-(परिपालना-अनुगमन)- सेवा-प्रदायकद्धारा संचालन-संभार गरिएका खानेपानी प्रणालीबाट वितरित खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार छ कि छैन भनी गरिने अनुगमनकार्यलाई परिपालना-अनुगमन भनिन्छ।

५. *Water quality surveillance*- (गुणस्तर निगरानी)- सेवाप्रदायक द्वारा वितरित पानी आम जन स्वास्थ्यको दृष्टिकोणले जोखिम रहित, ग्राह्य र सुरक्षित छ या छन भनी स्वतन्त्र रुपमा गरिने लेखाजोखालाई गुणस्तर निगरानी भनिन्छ ।

६.सुरक्षित खानेपानी सेवा -निम्न लिखित गुण भएका खानेपानी प्रणालीद्वारा वितरित खानेपानी सेवालाई सुरक्षित खानेपानी सेवा मान्न सकिन्छ :

- आधारभुत खानेपानी सेवा (सुधारिएको खानेपानीको स्रोत ३० मिनेट-पानी लिन जाँदा, पानी भर्न लाइनमा बस्दा र पानी भरेर घर फर्कंदा लाग्ने कुल समय) को दुरीभित्र रहेको,
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसारको गुणस्तर कायम भएको (निर्माण/पुनर्निर्माण गरेपछि पानीको मुहानबाट संकलित नमूनामा, स्वास्थ्यलाई हानीकारक सूक्ष्म जीवाणु (इ. कोली) र आर्सेनिक, फ्लोराइड जस्ता रसायनहरु परीक्षण गर्दा),
- खानेपानी सुरक्षा योजना कार्यान्वयनमा सबै चरणहरु पूरा भई कम्तीमा पनि १ पटक अनुगमन भई अद्यावधिक रहेको।

७. *Water safe community*(सुरक्षित खानेपानी युक्त समुदाय)- गाउँ पालिका वा नगरपालिकाका त्यस्ता समुदाय वा बस्तीहरुलाई जहाँका वासिन्दा आफ्नै घरआँगनमा जडिएका धारा( मार्फत (पानी संकलन गर्न ३० मिनेट भन्दा कम समय लाग्ने सामुदायिक धारा समेत), जुनसुकै बेला स्वच्छ र सुरक्षित (विशेष गरी स्वास्थलाई प्रत्यक्ष असर गर्ने हानीकारक तत्व जस्तै इ-कोली र आर्सेनिकका सघनन् मापदण्ड भित्र भएका) खानेपानीको सुविधा प्राप्त गरिरहेका छन्, सुरक्षित खानेपानी युक्त समुदाय मान्न सकिन्छ। पाइप प्रणाली नभएको अवस्थामा भने संरक्षित पानीका स्रोत इनार, कुवा, टयुबवेल आदि( बाट प्राप्त पानीलाई घरायसी प्रविधिबाट शुद्धीकरण गरी पानी उपभोग गर्ने गरेका वासिन्दा भएका बस्तीलाई पनि सुरक्षित खानेपानी युक्त समुदाय मान्न सकिन्छ।

सुरक्षित खानेपानी युक्त समुदाय अनिवार्य रुपमा खुला दिसामुक्त समुदाय (खुला दिसा मुक्त घोषणा भइ१००□ खुला दिसामुक्त अवस्था) भएको हुनु पर्ने छ। यो समुदायले सामुदायिक स्तरमा खानेपानी सुरक्षा योजना मार्फत् खानेपानीलाई सुरक्षित राख्न, सामुदायिक स्तरका तगाराहरु (Control Measures) प्रयोग गरेको हुनु पर्छ। खुलादिसामुक्त घोषणा भएको समुदाय जस्तै स्वच्छ खानेपानीयुक्त समुदायपनि स्वतन्त्रतवरले प्रमाणीकरण गरिएको हुनु पर्ने छ।

८. सुरक्षित र पर्याप्त खानेपानी सेवा भएको समुदाय- सुरक्षित र पर्याप्त प्राय जसो एक अर्का संग सम्बधित खानेपानीको गुणस्तर र परिमाण) शब्द हुन्। गाउँ वा नगरपालिकाका त्यस्ता वस्तीहरुमा जहाँ सुरक्षित खानेपानीका साथसाथै पर्याप्त खानेपानीको पनि समस्या देखिएको छ, त्यहाँ खानेपानीको परिमाण (उपलब्धता) पनि बढाउने कार्यक्रम शुरुआत हुन सक्छन्। यस्ता कार्यक्रम समुदायको क्षमता बाहिरको हुन सक्ने भएकोले पनि खानेपानी सुरक्षा योजनालाई नै परिमाण संग सम्बन्धित जोखिमहरु समेत समावेश गर्ने गरी विस्तार गर्न सकिन्छ। खानेपानी प्रणालीमा निर्माण भएका सम्पूर्ण

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

CamScanner

संरचनाहरु बाढी, वा खडेरी जस्ता खानेपानीको उपलब्धतामा प्रतिकूल असर पार्ने प्रकोपका सन्दर्भमा उत्थानशील रहेको हुनु पर्ने छ (जस्तै खानेपानीका सबै बिन्दुमा आपत्कालिन भण्डारण प्रणाली रहेको हुनु पर्ने छ।)

९. खानेपानी सेवा प्रदायक- भन्नाले आम उपभोक्ता/जनताका लागि सुरक्षित खानेपानी उत्पादन/वितरण (आपूर्ति) मा संलग्न रहने संस्थाहरु जस्तै: खानेपानी व्यवस्थापन वोर्डहरु, नेपाल खानेपानी संस्थान, प्रशोधित पानी उत्पादक र वितरक कम्पनीहरु तथा खानेपानी उपभोक्ता संस्थाहरु सम्झनु पर्दछ।

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष



CamScanner

# सुरक्षित खानेपानीयुक्त समुदाय : कार्यविधि

विषय सुची

:

१ पृष्ठभूमि ........................................................................................................................ 4

१.१ परिप्रेक्ष्य ........................................................................................................................ 4

१.२. कार्य विधिको उद्देश्य ........................................................................................................ 4 १.३.
अपेक्षित प्रयोगकर्ताहरू ........................................................................................................ 5

२. सुरक्षित खानेपानी युक्त समुदाय ........................................................................................ 5

२.१ के हो ? ........................................................................................................................ 5

२.२ किन? ........................................................................................................................ 5

२.३ "सुरक्षित खानेपानी युक्त समुदाय"को मान्यता प्राप्त गर्नका लागि न्यूनतम आधारहरू/शर्तहरू .......................... 5

२.४ "सुरक्षित खानेपानी युक्त समुदाय" बन्ने विधिहरू .................................................................... 6

२.५ "सुरक्षित खानेपानी युक्त समुदाय" को प्रमाणीकरण तथा निरन्तरता ................................................ 7

३.उपलब्धी - मापन *(Measuring Results)* ................................................................................ 8

३.१. निरन्तर गरिने अनुगमन *(Ongoing monitoring/operational monitoring)* ................................... 8

४. असर- सर्वेक्षण *(Outcome surveys)*: ................................................................................ 9

४.१ असर- सर्वेक्षण ........................................................................................................ 9 ४.२
असर-सर्वेक्षणमा स्वच्छ खानेपानीयुक्त समुदाय ................................................................ 9

# सुरक्षित खानेपानीयुक्त समुदाय : कार्यविधि

१ पृष्ठभूमि १.१ परिप्रेक्ष्य "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।" भनी संविधानले खानेपानी तथा सरसफाइ सेवालाई मौलिक हक र कर्तव्य अन्तर्गत स्थापित गरेको छ। दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) का १७ लक्ष्य मध्ये "सबैलाई खानेपानी तथा सरसफाइको उपलब्धता र दिगो व्यवस्थापनको सुनिश्चित गर्ने" छैठौं लक्ष्यलाई नेपाल सरकारले पनि आत्मासात् गरी आ ना योजना र कार्यक्रमहरु तयार गरिरहेको छ । सान्नी त्रिवेणी गाउपालिकाले "एक घर एक धारा" को नेपाल सरकारको निति लाइ पच्छ्याएर खानेपानी तथा सरसफाइका कार्यक्रमहरुलाइ द्रुत गतिमा अगाडी बढाइ रहेको छ। खानेपानी सेवालाई विश्वसनीय र

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

CamScanner

नतिजामूलक तुल्याउने एउटा प्रमुख माध्यम वितरित पानीको गुणस्तर निरन्तर तवरले सुनिश्चित गर्नु हो। यसका लागि खानेपानी प्रणालीहरुमा गुणस्तर सुधार आयोजना मार्फत् आवश्यकता अनुसार पानी प्रशोधन ईकाइहरु निर्माण गर्ने, प्रशोधन ईकाइहरुको कार्य क्षमताबारे अध्ययन अनुसन्धान गर्ने, सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने र प्रणालीको संभार मर्मत तथा संचालन कार्यमा खानेपानी सुरक्षा योजनालाई एकीकृत तुल्याउने जस्ता कार्यहरु अघि बढाइएका छन्।

नेपालमा दिगो विकासको लक्ष्य नं. ६.१ अन्तर्गत सन् २०३० को अन्त्यसम्म स्वच्छ खानेपानी सेवाप्राप्त गरेका जनसंख्याको सूचकाङ्क १५ प्रतिशतबाट ९० प्रतिशत सम्म बढाउने: घरायसी तहमा खानेपानीमा देखिएको जैविक प्रदूषण  को जोखिम मोलिरहेका घरपरिवारको सूचकाङ्क ८२.२ प्रतिशतबाट १ प्रतिशत सम्म घटाउने जस्ता राष्ट्रिय लक्ष्यका साथ बर्तमानमा खानेपानी तथा सरसफाइका कार्यक्रमहरू संचालन भईरहेका छन्। यी लक्ष्य प्राप्ति के कति भए भन्ने जानकारीका लागि पनि यस सम्बन्धी तथ्याङ्कहरु गाउँ/नगरपालिका (स्थानीय सरकारको) तहबाटै संकलन हुनु जरुरी देखिएको छ।

खानेपानी तथा सरसफाइ सम्बन्धी सुविधाहरू एक अर्कामा अन्योन्याश्रित छन्। दुवै सुविधाहरूको उचित व्यवस्थापनले मात्र जनस्वास्थ्यमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ। नेपालमा खुला दिसा मुक्त क्षेत्र घोषणा अभियान पूरा भई पूर्ण सरसफाइ प्रवर्द्धन कार्यक्रमहरू अघि बढिरहेका छन। पूर्ण सरसफाइ प्रवर्द्धन कार्यक्रमहरु गर्दै समुदायलाई ६ वटा सूचकका आधारमा पूर्ण सरसफाइ युक्त समुदायको मान्यता दिने गरेका छ । यी ६ सूचक मध्ये १ सुरक्षित खानेपानीको उपभोग लाई मानिएको छ। प्रत्येक घरपरिवारले स्वच्छ पानीको प्रयोग गरुन्, समुदायमा खानेपानीका स्रोत तथा वितरण प्रणालीद्वारा उपलब्ध खानेपानी संधै स्वच्छ रहोस् भन्ने हेतुले खानेपानी सुरक्षा योजना लागू भई रहेका छन् । यसै क्रममा सुरक्षित खानेपानी सेवा उपलब्ध भएको समुदाय निर्माण गर्ने अवधारणा विकास भएकोछ । खानेपानी सेवाका सेवा-प्रदायक, सेवाग्राही (उपभोक्ता) र नियामक तथा निगरानी निकायहरु लगायतका सबै सरोकारवालाहरूको सामूहिक प्रयासबाट “सुरक्षित खानेपानी युक्त समुदाय” बनाउन सकिन्छ ।

### १.२. कार्य विधिको उद्देश्य

सुरक्षित खानेपानी युक्त समुदाय: कार्यविधिको सर्वोपरी लक्ष्य भनेको सान्नी त्रिवेणी गाउपालिका क्षेत्रका हरेक नागरिकहरुले सुरक्षित खानेपानीको सेवा सहज रुपमा नेपाल सरकार खानेपानी तथा ढल व्यवस्थापन विभागको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रगत विकास योजना (SDP) र संयुक्त अनुगमन कार्यक्रम (JMP) को मापदण्ड अनुसार प्राप्त गर्न सकून् भन्ने हो। तथापी यस कार्यविधिका विशिष्ट उद्देश्यहरु तपसिल रहेका छन:

(क) सुरक्षित खानेपानी युक्त समुदायका न्यूनतम आधारहरू व्याख्या गर्ने ।

(ख) सुरक्षित खानेपानी युक्त समुदाय प्राप्त गर्ने प्रस्तावित बिधीहरु वर्णन गर्ने ।

(ग) “सुरक्षित खानेपानी युक्त समुदाय” को अवस्था निरन्तर भए नभएको लेखाजोखा (मूल्यांकन) बारे वर्णन गर्ने।

१.३. अपेक्षित प्रयोगकर्ताहरू यो निर्देशिका खानेपानी तथा सरसफाइ क्षेत्रमा कायरत सबैको लागि लाभदायी हुन सक्ने छ। विशेष गरी स्थानीय तह, खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत प्राविधिक, समाजशास्त्री, सामाजिक अभियन्ता, खानेपानी प्रणालीका सेवाप्रदायक, सवा-ग्राही, नियामक तथा निगरानी राख्ने संस्था लगायत सबैलाई यो निर्देशिका अति उपयोगी हुने विश्वास गरिएको छ।

## २. सुरक्षित खानेपानी युक्त समुदाय

२.१ के हो ? गाउँपालिका वा नगरपालिका (उपमहानगर र महानगरपालिका समेत) का त्यस्ता समुदाय वा वस्तीहरुलाई जहाँ का वासिन्दाहरूले आफ्नै घर आँगनमा जोडिएका धारा मार्फत् (पानी संकलन गर्न ३० मिनेट भन्दा कम समय लाग्ने सामुदायिक धारा समेत), जुनसुकै बेला स्वच्छ र सुरक्षित (विशेष गरी स्वास्थलाई प्रत्यक्ष असर गर्ने हानीकारक तत्व जस्तै इ-कोली र आर्सेनिकका सघनन् राष्ट्रिय मापदण्ड भित्र भएका) खानेपानीको

मोहन बहादुर के.सी.
गा.पा. अध्यक्ष



CamScanner

सुविधा प्राप्त गरिरहेका छन्, सुरक्षित खानेपानीयुक्त समुदाय मान्न सकिन्छ। पाइप प्रणाली नभएको अवस्थामा भने संरक्षित पानीका स्रोत (इनार, कुवा, टयुबवेल आदि) बाट प्राप्त पानीलाई घरायसी प्रविधिबाट शुद्धीकरण गरी पानी उपभोग गर्ने गरेका वासिन्दा भएका बस्तीलाई पनि सुरक्षित खानेपानीयुक्त समुदाय मान्न सकिन्छ।

२.२ किन ?

हरेक नागरिकलाई जुनसुकै बेलापनि स्वच्छ, सुरक्षित र पर्याप्त पानी उपलब्ध भई स्वस्थ्य समाजको निर्माण गर्न र पूर्ण सरसफाइ र दिगो विकास लक्ष्य-६ हासिल गर्न सुरक्षित खानेपानी युक्त समुदाय आवश्यक छ। सुरक्षित खानेपानी वितरण गर्ने र सुरक्षित खानेपानीयुक्त समुदाय निर्माणको लागि कार्यक्रम तर्जुमा गर्ने कार्यको उद्देश्य भनेको सरसफाइ सम्बन्धी उपलब्धिहरु प्राप्त गर्न थप बल पुर्‍याउनुका साथै तिनलाई दिगो राख्नु र स्वास्थ्य सम्बन्धी प्रभावहरुको अभिबृद्धि गर्नु हो।

२.३ "सुरक्षित खानेपानी युक्त समुदाय"को मान्यता प्राप्त गर्नका लागि न्यूनतम् आधारहरू/शर्तहरू

यस निर्देशिकाले सुरक्षित खानेपानीयुक्त समुदाय हुनका लागि न्यूनतम् आधारहरु तल उल्लेख गरिएको छ। थप अतिरिक्त आधारहरु स्थानीय खानेपानी प्रणाली र तिनका ब्यबस्थापन मोडेलहरुमा आधारित भई स्थानीय आचार संहिता वा स्थानीय योजनाहरुद्वारा परिभाषित गर्न सकिन्छ।

१) समुदाय अनिवार्य रुपमा खुला दिसा मुक्त कायमै भएको हुनु पर्नेः (शतप्रतिशत शौचालयको समुचित प्रयोग र हरेक घरमा साबुनपानी सहितको हातधुने ठाउं भईरहेको अवस्था)

२) समावेशी, सक्रिय र उत्तरदायी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति/सेवाप्रदायक द्वारा सञ्चालन सम्भार कोषको उचित व्यवस्थापन गरी तालीम प्राप्त (दक्ष) प्राविधिक मार्फत् सञ्चालन तथा सम्भार मर्मत गरिएको खानेपानी प्रणाली ।

३) खानेपानी सुरक्षा योजना (WSP) का सातै चरणहरु पूरा गरी कम्तीमा एक पटक खानेपानी गुणस्तर निगरानी (Water Quality Surveillance) द्वारा खानेपानी सुरक्षा योजना र पानीको गुणस्तर प्रमाणीकरण गरिएको ।

४) व्यवस्थित खानेपानीका प्रणाली (पाइप प्रणाली) भएका वस्तीमा घर आँ गनमै जोडिएका धारा बाट नभएका समुदायमा सबै घरधुरीहरुले सुधारिएको पानीको श्रोतबाट (पानी भरेर ल्याउन ३० मिनेट भन्दा बढी समय नलाग्ने स्थानबाट) खानेपानी प्रयोग गरिरहेका ।

५) सबै घरधुरीले पाइप प्रणालीका घरमै जोडिएका धारा बाट उपलब्ध पानीको सुरक्षित भण्डारण र प्रयोग गर्न गरेकोह अन्य श्रोतको खानेपानी पनि घरायसी रुपमा नियमित शुद्धीकरण गरी प्रयोग गर्ने गरेको ।

६) व्यवस्थित खानेपानीका प्रणाली भएका समुदायमा भने खानेपानीको गुणस्तर अनुगमन अन्तर्गत पर्ने संचालन-अनुगमन नियमित हुने गरेको र वर्षमा कम्तीमा पनि एक पटक वाह्य निकायद्वारा परिपालन-अनुगमन गर्ने गरिएको।

७) समुदायका सबै घरधुरीहरुद्वारा खानेपानीको सुरक्षित भण्डारण गर्ने गरिएको। खानेपानीको स्रोतको रूपमा प्रयोग गरिएका मूल, टंकी र धाराको पानी कम्तीमा पनि वर्षमा ३ पटक (मनसून अघि, मनसून अवधि र मनसून पछि) जैविक प्रदूषण छ कि छैन भनी परीक्षण गर्ने गरिएको, आवश्यक्ता अनुसारको क्लोरीनको प्रयोग अनिवार्य गरिएको र क्लोरीन अवशेष समेत राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुरूप भएको।

८) उपभोक्ताहरुको सुरक्षित खानेपानी प्रतिको विश्वसनियता कायम भएको, ८० प्रतिशत घरपरिवारले धाराको पानी सिधै पिउनको लागि प्रयोग गरेको (घरायसी तहमा पानी प्रशोधन गर्न नपरेको अवस्था)।

९) खानेपानी प्रणालीको दिगोपनकालागि सम्बन्धित सेवा प्रदायक र स्थानीय तह (गाउँ पालिका/नगरपालिका) वा प्रदेश सरकार बीच समझदारी-पत्र वा सम्झौता भएको।

२.४ "सुरक्षित खानेपानी युक्त समुदाय" बन्ने विधिहरू

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

माथि उल्लेखित आधारहरु के कस्तो अवस्थामा वा के कस्ता पद्धति अपनाएमा प्राप्त हुन्छ भन्ने चर्चा तल सविस्तार गरिएको छ ।

१. समुदाय खुला दिसामुक्त अवस्थामा पुगेको, हरेक घरमा साबुनपानी सहितको हातधुने ठाउं भईरहेको अवस्था र उक्त अवस्थालाई कायमै राखिएको हुनु पर्नेछ। समुदायभित्रका हरेक घरधुरीले आफनै चर्पी निर्माण गरी प्रयोग र सम्भार मर्मत गरेको स्थितिमा मात्र त्यस समुदायमा सुरक्षित खानपानी युक्त समुदाय बनाउने अभियानलाई अघि बढाउन सकिन्छ। त्यसर्थ, खुला दिसामुक्त समुदाय नै सुरक्षित खानेपानीयुक्त समुदाय-अभियानको लागि प्रवेश विन्दु तथा प्रमुख कार्यान्वयनको क्षेत्र हुनेछ।

२. समुदायमा यदि पाइप प्रणालीबाट खानेपानीको सुविधा प्राप्तभएको छ भने उक्त प्रणालीको सञ्चालन, सम्भार तथा मर्मत गर्ने अभिभारा उपभोक्ता समिति वा संस्थाले वा कुनै निकायले लिएको हुनुपर्छ। धेरै जसो ठाउँ मा सेवा प्रदायकको रुपमा उपभोक्ता समितिले काम गर्दै आएका छन्। यस्ता समितिहरु पनि आफनो विधान अनुसार समावेशी, पूर्णरुपले सक्रिय, आवश्यक सञ्चाल् न-सम्भार कोषको परिचालन र दक्ष प्राविधिक (जस्तै मर्मत सम्भार कार्यकर्ता, प्लम्बर आदि) को उपलब्धता भएको हुनु जरुरी छ। ज्ञखानेपानी प्रणालीको सञ्चालन तथा सम्भारको क्रममा समुदायको अगुवाईमा खानेपानी सुरक्षा योजना लागू गर्न उपभोक्ता समिति सक्षम र सबल हुनु अति आवश्यक छ।

३. खानेपानी सुरक्षा योजना लागू गर्दा गरिने चरणबद्ध क्रियाकलापहरू यस प्रकार छन्[६] :

- खा.पा.सु.यो.टोली गठन
- खानेपानी प्रणालीको विश्लेषण

खानेपानी सेवा सञ्चालन सम्बन्धी निर्देशिका,२०६९ तथा खानेपानी सेवा सञ्चालन सम्बन्धी कार्याविधि, २०७१
Climate resilient Water Safety Plans Guideline: Rural Water Supply System, 2015

- प्रदूषण पहिचान, जोखिम विश्लेषण,
- नियन्त्रण-उपाय,
- सुधारकार्यहरुको योजना तर्जुमा तथा कार्यान्वयन
- अनुगमन,
- खा.पा.सु.यो.प्रमाणीकरण यी सबै क्रियाकलापहरू सम्पन्न भई निरन्तरता पाएको हुनु पर्नेछ। विशेष गरी नियन्त्रण-उपाय (control measures)ले काम गरे नगरे को अवस्था बुझ्न गरिने अवलोकन तथा पानीको नमुना परीक्षण कार्य नियमित रुपले सम्पन्न भएको हुनु पर्ने छ।

४) समुदायको सम्पूर्ण जनसंख्यालाई पानीको सुविधामा पहुँच पुगेको हुनु पर्छ। व्यवस्थित खानेपानीका प्रणाली (पाइप प्रणाली) भएका वस्तीमा घर आँगनमै जोडिएका धाराबाट र प्रणाली नभएका समुदायमा भने सबै घरधुरीहरुले सुधारिएको पानीको श्रोतबाट (पानी भरेर ल्याउन ३० मिनेटभन्दा बढी समय नलाग्ने स्थानबाट) खानेपानी ल्याई प्रयोग गरिरहेको अवस्था हुनुपर्छ।

५) सबै घरधुरीले घरआँगनमै जोडिएका धाराबाट उपलब्ध पानीको सुरक्षित भण्डारण र प्रयोग गर्न गरेको वा अन्य श्रोतको खानेपानी पनि घरायसी रुपमा नियमित शुद्धीकरण गरी प्रयोग गर्ने गरेको अवस्था हुनुपर्नेछ ।

६) व्यवस्थित खानेपानीका प्रणाली भएका समुदायमा भने खानेपानीको गुणस्तर अनुगमन अन्तर्गत पर्ने संचालन-अनुगमन नियमित हुने गरेको र वर्षमा कम्तीमा पनि एक पटक वाह्य निकायद्वारा परिपालन-अनुगमन गर्ने गरिएको हुनु पर्नेछ।

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

७) समुदायका सबै घरधुरीहरुद्वारा खानेपानीको सुरक्षित भण्डारण गर्ने गरिएको हुनुपर्छ। खानेपानीको स्रोतको रूपमा प्रयोग गरिएका मूल, टंकी र धाराको पानी कम्तीमा पनि वर्षमा ३ पटक (मनसून अघि, मनसून अवधि र मनसून पछि) जैविक प्रदूषण छ कि छैन भनी परीक्षण गर्ने गरिएको हुनुपर्नेछ। आवश्यक्ता अनुसारको क्लोरीनको प्रयोग अनिवार्य गरिएको र क्लोरीन अवशेष समेत परीक्षण गर्दा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुरूप भएको हुनुपर्नेछ।

८) खानेपानी सुरक्षा योजना लागू गर्ने क्रममा उपभोक्ताहरूको सन्तुष्टी पहिचान गर्ने कार्य पनि गरिएको हुन्छ। यो सर्वेक्षणको नतिजाले उपभोक्ताहरुको सुरक्षित खानेपानी प्रतिको विश्वसनियता कायम भएको नभएको जानकारी दिलाउँ छ। ८० प्रतिशत घरपरिवारले धाराको पानी सिधै पिउनको लागि प्रयोग गरेको (घरायसी तहमा पानी प्रशोधन गर्न नपरेको) अवस्था देखियो भने पानीको प्रणालीले गुणस्तरीय तथा सुरक्षित पानी आपूर्ति गरेको संकेत मान्न सकिन्छ।

९) खानेपानी प्रणालीको दिगोपनका लागि सम्बन्धित सेवा प्रदायक र स्थानीयतह (गाउँ पालिका/नगरपालिका) बीच समझदारी-पत्र वा सम्झौता भएको हुनु पर्नेछ। यो सम्झौतामा खानेपानी प्रणालीको सुचारुपन र दिगोपनका लागि र सुरक्षित पानीको आपूर्तिको लागि सेवाप्रदायक र स्थानीयतहका भूमिका र काम कर्त्तव्य स्पष्ट उल्लेख भएको हुनुपर्नेछ।

## २.५ "सुरक्षित खानेपानी युक्त समुदाय" को प्रमाणीकरण तथा निरन्तरता

सुरक्षित खानेपानी युक्त समुदाय अनिवार्य रुपमा खुला दिसा मुक्त समुदाय कायमै भएको हुनु पर्ने छ। यो समुदायले सामुदायिक स्तरमा खानेपानी सुरक्षा योजना मार्फत् खानेपानी स्वच्छ र सुरक्षित राख्न, सामुदायिक स्तरका तगाराहरु (control measures) प्रयोग गरेको हुनु पर्छ। सञ्चालन-अनुगमनको क्रममा गरिएका पानी परीक्षणका नतिजाहरूको आधारमा र खानेपानी सुरक्षा योजनाको प्रमाणीकरण गर्दा गरिएको अडिटको आधारमा सेवाप्रदायक आफैले खानेपानी सेवा पाएका समुदायलाई "सुरक्षित खानेपानी युक्त समुदाय" भनी दावी गर्न सक्नेछन । सुरक्षित खानेपानी युक्त समुदाय स्थानिय तह स्वास्थ्य शाखा प्रमुखको संयोजकत्वमा गठित समितिको अनुगमन प्रतिवेदनको आधारमा स्थानिय तहल प्रमाणिकरण गरेको हुनु पर्नेछ।

हरेक वर्ष खानेपानी गुणस्तर निगरानी कार्य गरी सुरक्षित खानेपानीयुक्त समुदायको मान्यता स्थीर भएको प्रमाणित हुनु पर्छ। सो सम्बन्धी अभिलेख सम्बन्धित खानेपानी उपभोक्ता समितिले राखी पालिकालाई नियमित जानकारी दिलाउनु पर्नेछ। कुनै पनि घरधुरीले प्रयोग गर्ने पानीमा एउटा पनि इ-कोली जस्ता जीवाणु भेटिएमा त्यस्ता समुदायले वा खानेपानी सेवाप्रदायकले आफनो खानेपानी प्रणालीमा तुरुन्तै सुधार ल्याउनु पर्छ।

गाउपालिकाले आफ्ना वडा वा समुदायहरुलाई सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गर्न सक्छन्। तर गाउपालिकालाई सुरक्षित खानेपानीयुक्त समुदाय घोषणालाई भने प्रदेश स्तरीय खानेपानी गुणस्तर निगरानी निकायले प्रमाणीकरण गर्नेछ ।
प्रमाणीकरण विभिन्न स्तरबाट गर्न सकिन्छ । त्यस सम्बन्धमा तल केही विस्तृत चर्चा गरिएकोछ ।

३.उपलब्धी - मापन *(Measuring Results)* उपलब्धीहरुलाई प्रतिफल र असरका तहमा मापन गर्नका लागि कार्यक्रम-अनुगमन र असर-सर्वेक्षण प्रयोग गरिनेछ । असर-सर्वेक्षणले मौजुदा अनुगमनलाई स्वतन्त्ररुपमा प्रमाणीकरण गर्ने गर्दछ । असर-सर्वेक्षणले कहिलेकाहीँ प्रत्यक्ष अवलोकन, कहिलेकाहीँ दस्तावेजहरुको प्रमाणीकरण र कहिले काहीँ पानीको गुणस्तर परीक्षण जस्ता कार्यहरु समेटने छन् ।



मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

CamScanner

३.१. निरन्तर गरिने अनुगमन *(Ongoing monitoring/operational monitoring)* नवनिर्मित वा पुन: निर्माण गरिएका खानेपानी प्रणालीको हस्तान्तरण हुनु भन्दा पहिले खानेपानी गुणस्तरका राष्ट्रिय मापदण्ड अनुसारका पारामितिहरुको परीक्षण गरिएको हुनु पर्नेछ । खानेपानीको नमूना परीक्षण गर्दा, इ-कोली र आर्सेनिक लगायत अन्य पारामितिहरुको सघनन् राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसारका हुनुपर्छ। खानेपानी प्रणालीमा खानेपानी सुरक्षा योजना लागू गरी तगाराहरुको नियमित अनुगमन कार्य भए गरेको हुनु पर्नेछ ।[1]

क) सुरक्षित खानेपानीयुक्त समुदायलाई बाह्य तहबाट गरिने प्रमाणीकरण:

समुदाय भन्दा बाहिरका जस्तै जिल्ला स्थित सरकारी निकाय, स्वतन्त्र निकाय वा बिज्ञ समुहबाट सुरक्षित खानेपानी युक्त समुदाय भनी प्रमाणीकरण भएको हुनु पर्ने देखिन्छ । यो निकाय, खुला दिसामुक्त क्षेत्रको अनुगमन तथा प्रमाणीकरण गर्न टोली वा त्यसमा खानेपानी सम्बन्धी विज्ञता भएका सदस्य सहितको टोली हुन सक्दछ। स्वच्छ खानेपानी युक्त समुदायको स्थिति कम्तीमा पनि १ वर्ष कायम रहेको प्रमाणीकरण वाहय तहबाट हुनु पर्दछ । यस्तो प्रमाणीकरण कार्यको लागि टोलीको संरचना, आधारहरु र कार्यविधि आदीबारे राष्ट्रिय स्तरको अनुगमन तथा प्रमाणीकरण कार्यविधि वा कार्यक्रम-प्रमाणीकरणमा समाविस्ट गर्न सकिने छ।

ख) बाह्य बिज्ञ तहबाट गरिने लेखा-जोखा (अडिट) :

सुरक्षित खानेपानी युक्त समुदायको लेखा-परीक्षण (अडिट) गरिनु पर्छ, अर्को शब्दमा खानेपानी सुरक्षा योजना प्रभावकारी भए नभएको र छ भने प्रमाणीकरण गरिनु पर्छ। यस अन्तर्गत बाह्य समुदाय तथा ब्यक्तिबाट खानेपानी योजनाको मुहान, धारा तथा घर तहको खानेपानीको गुणस्तर परीक्षण गरिने छ। खानेपानीको गुणस्तर परीक्षण महङ्गो र तालिम प्राप्त, प्राविधिकहरुबाट मात्र सम्भव हुने भएकाले निम्न उपायहरु अवलम्बन गर्न सुझाव दिइएको छ: नमुना छनौट गरी केही घरधुरीको (कम्तिमा १० ☐) मात्र गर्न सकिन्छ,

- सरकारी निकायहरुमा खानेपानीको दीर्घकालीन सर्भिलेन्स (निगरानी) प्रणालीको स्थापना, उपकरणको व्यवस्था तथा क्षमता विकास कार्यक्रमलाई बल पुऱ्याउने,
- गुणस्तर परीक्षणका नतीजाहरु बारे समुदायलाई जानकारी बाँड्ने कार्यलाई, दिगो रुपमा बानी ब्यवहारको परिवर्तन गर्न ट्रिगरिगं औजारका रुपमा विकास गर्न सकिन्छ,
- यस प्रकारका परीक्षणहरु बर्षमा एक पटक वा विशेष अवस्थामा गर्न सकिन्छ ।

## ४. असर-सर्वेक्षण *(Outcome surveys)*:

४.१ असर-सर्वेक्षण असर-सर्वेक्षण मा नयाँ निर्माण भएका वा पुनर्निर्माण गरिएका सबै खानेपानी प्रणालीका संरचनाहरुको अनिवार्य रुपमा परीक्षण गरिनु पर्छ। सुरक्षित खानेपानीयुक्त समुदायका खानेपानीको नमुना पनि संकलन गरी परीक्षण गर्नु पर्ने छ। असर-सर्वेक्षण गर्दा खानेपानीको नमुना संकलन गरी निम्न अनुसारको पाारामितिको परीक्षण गरिनु पर्ने हुन्छ।

- इ-कोली, वा सूक्ष्म जीवाणु नष्ट गर्ने प्रयोग गरिएको क्लोरिन अवशेष (FRC)
- आर्सेनिक (जोखिम भएका क्षेत्रमा)
- फ्लोराइड (जोखिम भएका क्षेत्रमा)
- नाईट्रेट
- फलाम
- धमिलोपन,
- विद्युतीय संवाहकता वा कुल घुलित ठोस पदार्थ

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

[1] यस सम्बन्धी विस्तृत जानकारीका लागि "खानेपानी गुणस्तर अनुगमन: निर्देशिका"हेर्नुहोला ।



CamScanner

त्यस्तै, खानेपानी आयोजनाको हस्तान्तरण हुनु भन्दा पहिले खानेपानी गुणस्तरका राष्ट्रिय मापदण्ड अनुसारका अन्य पारामितिहरूको परीक्षण गरिएको हुनु पर्नेछ भने असर सर्वेक्षणका अवसर बेला यी थप पारामितिहरुको प्रमाणीकरण उपलब्ध भएका दस्तावेजहरुको समीक्षाद्वारा गरिने छ।
पाईप प्रणालीको हकमा भने पानी वितरण विन्दुमा क्लोरीन अवशेषको सघन राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डले निर्धारण गरेको दायरा भित्र (रेन्जमा) हुनु पर्ने छ।

४.२ असर-सर्वेक्षणमा स्वच्छ खानेपानीयुक्त समुदाय असर-सर्वेक्षणमा सुरक्षित खानेपानी युक्त समुदाय हुनका लागि बुँदा २.३ मा उल्लेख भएका न्यूनतम आधारहरुको परीक्षण गरिनेछः

- खुला दिसामुक्त क्षेत्र तथा सुरक्षित खानेपानी युक्त समुदायको नमुना छनौट
- छनौट भएका समुदायबाट अक्रमबद्ध तवरले (random sampling) नमुना-घरधुरीहरुको छनौट,
- अझै थप रुपमा, खानेपानीको परीक्षण गर्नः २० प्रतिशत घरधुरीहरुको छनौट, छनौट भएका घरधुरीहरुले
- इंगित गरेका खानेपानी सेवाको परीक्षण ।

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष



CamScanner